| इजाजतपत्र (लाईसेन्स) को किसिम | नवीकरण (रिन्यु) गर्ने अधिकारी |
|---|---|
| (क) भरूवा बन्दूक बाहेक अरू हातहतियार-को इजाजतपत्र ... ... ... ... ... ... ... ... ... | प्रमुख जिल्ला अधिकारी । |
| (ख) भरूवा बन्दूकको इजाजतपत्र ... ... ... ... ... | गाउं वा नगर पंचायत । |
| (ग) हातहतियार खरखजाना मर्मत गर्ने, हातहतियार खरखजाना बिक्री गर्ने र हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स) | अञ्चलाधीश |

(२) मुल नियमाबलीको नियम ११ को उपनियम (३) मा रहेको खण्ड (क) भन्ने शब्दको सट्टा खण्ड (क) र खण्ड (ख) भन्ने शब्दहरू राखिएको छ ।

आज्ञाले-
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मोरङ, विराटनगर बजार पूर्व सिंधाई नदी किनारामा स्मशानधाट आदि निर्माण कार्यको लागि कोशी अञ्चल मोरङ जिल्ला विराटनगर नगर पञ्चायत अन्तरगतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व जुगल राईसमिलको सिमाना, पश्चिम सिंधाई नदी, उत्तर रंगेली जाने पुरानो सडक, दक्षिण सिंधाई नदी यति ४ किल्लाभित्रको कित्ता नं. २,३,५१,५२,५३, र ५६ को मालपोत रू. १८९।९३ (एकसय उनानब्ब रूपैयाँ त्रियाननब्बे पैसा) लागेको जग्गा विगहा ४।।।२।३ (चार विगहा सत्र कट्ठा आठ धुर) को कित्ता – – – – – – –१

आज्ञाले-
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

९५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।